गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

स्था: २०७३

पत्र संख्या: २०८३/०८४
चलानी नं.

पुजा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको विवरण संकलन सम्बन्धी अत्यन्त जरुरी सूचना ।

सूचना नं. २७/२०८३/०८४

सूचना प्रकाशित मितिः २०८३/०७/११

प्रस्तूत विषयमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको निर्णय एवं **रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३"** बमोजिम रसुवा भोटेकोशी बाढीमा परी यस गौमुखी गाउँपालिका भित्रका बेपत्ता तथा सम्पर्कविहीन भएका व्यक्तिहरूको आधिकारिक विवरण यकिन गरी बाढीबाट बेपत्ता भएकाहरूको राहत, क्षतिपूर्ति तथा कानुनी प्रक्रियालाई छिटो र प्रभावकारी ढङ्गले अगाडि बढाउन यो सूचना प्रकाशित गरिएको छ ।

तसर्थ, उक्त प्राकृतिक विपद्मा परी हालसम्म अवस्था अज्ञात वा बेपत्ता रहनुभएका व्यक्तिका नजिकका हकवाला तथा परिवारजनले यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिनभित्र यस गाउँपालिका अन्तर्गतका सम्बन्धित वडा कार्यालयमा सम्पर्क राखी तपशिल बमोजिमका कागजात र विवरणसहित निवेदन दर्ता गराउनुहुन हार्दिक अनुरोध गरिन्छ ।

आवश्यक कागजातहरू:

१. बेपत्ता व्यक्तिको परिचयपत्रको प्रतिलिपि (नागरिकता प्रमाण पत्र वा राष्ट्रिय परिचयपत्र वा जन्मदर्ता वा परिचय खुल्ने कागजात) ।
२. एकाघर परिवारका सदस्य नभएको हकमा रसुआ भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३ (क) को बुँदा नं ३ मा उल्लेख भए बमोजिमको निवेदन ।
३. बेपत्ता व्यक्तिसँगको नाता प्रमाणित हुने कागजात ।
४. स्वघोषणा पत्र ।
५. निवेदकको नाम थर, ठेगाना र सम्पर्क नम्बर ।
६. बेपत्ता व्यक्तिको फोटो ।

नोटः रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३, पेश गर्नु पर्ने निवेदन र स्वघोषणाको ढाँचा यसै साथ संलग्न छ ।

दुर्गा प्रशाद सुवेदी
नि.प्रमुख प्रशासकीय अधिकृत

www.gaumukhimun.gov.np gaumukhirm2073@gmail.com ☎ 9857836319

निवेदनको ढाँचा

मितिः..... / ..... / .....

श्री वडा अध्यक्षज्यू,
..... वडा समितिको कार्यालय,
.....पालिका ।

विषयः बेपत्ता कायम गरी पाऊँ ।

उपरोक्त सम्बन्धमा मिति २०८३-०५-१० को रसुआ भोटेकोशी बाढीको समयमा लुम्बिनी प्रदेश प्यूठान जिल्ला गौमुखी पालिका.....नं. वडा स्थायी ठेगाना भएका .....को नाती/नातिनी /बुहारी, ...को छोरा /छोरी/बुहारी/ वर्ष.....को..... मिति २०८३-०५-१०गते.....स्थानमा .....प्रयोजनको लागि रहनुभएको /जानुभएकोमा बाढीमा परी हालसम्म पनि बेपत्ता रहेकोले निजको नाम बेपत्ता व्यक्तिको सूचीमा सूचीकृत गराइदिनु हुन अनुरोध छ ।

निवेदक
नाम-
सहीछाप-

दायाँ	बायाँ

<u>संलग्न कागजातहरू</u>

१. बेपत्ता व्यक्तिको परिचयपत्रको प्रतिलिपि (नागरिकता वा राष्ट्रिय परिचयपत्र वा अन्य परिचय खुल्ने कागजात)
२. एकाघर परिवारका सदस्य नभएको हकमा माथि खण्ड (क) को बुँदा नं. ३ मा उल्लेख भए बमोजिमको निवेदन ।
३. बेपत्ता व्यक्तिसँगको नाता प्रमाणित हुने कागजात ।
४. स्वघोषणा ।
५. निवेदकको नाम, ठेगाना र सम्पर्क नम्बर
६. बेपत्ता व्यक्तिको फोटो (उपलब्ध भएसम्म) ।

स्वघोषणाको ढाँचा

मितिः ..... / ..... / .....

श्री वडा अध्यक्षज्यू,
..... वडा समितिको कार्यालय,
..... पालिका ।

विषयः स्वघोषणा ।

रसुवा भोटेकोशी बाढीमा परी लुम्बीनी प्रदेश प्यूठान जिल्ला गौमुखी गाउँपालिका पालिका..... नं.....वडा स्थायी ठेगाना भएका .....को नाति /नातिनी /बुहारी, ...को छोरा /छोरी /बुहारी वर्ष.....को मेरो .....नाता पर्ने श्री ..... मिति २०८३-०५-१० गते .....स्थानमा बेपत्ता भई सम्पर्कमा नरहेको बेहोरा अनुरोध छ । निजको बेपत्ताको कारण भोटेकोशी रसुवा बाढीबाहेक अन्यथा नरहेको व्यहोरा स्वघोषणा गर्दै पेस भएका विवरणहरू झुटो ठहरिएमा कानून बमोजिम सहने बुझाउने छु ।

निवेदक
(नाम र सहीछाप)

दायाँ	बायाँ